संख्या नं. : ८

# सियारी गाउँपालिका भ्यागुते,चरचरे र खोरेत रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७४/१०/२५ |

सियारी गाउँ पालिका

रुपन्देही जिल्ला

५ नं. प्रदेश, नेपाल

# भ्यागुते,चरचरे र खोरेत रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४

## पृष्ठभुमी

भ्यागुते ,चरचरे र खोरेत रोगले नेपालको पशुपालन ब्यवसायमा वर्षेनी ठूलो आर्थिक नोक्सानी पुर्याउदै आएको छ । यी रोगहरू लाई अंग्रेजीमा क्रमश: एच एस तथा वि.क्यू र फुट एण्ड माउथ डिजिज भन्ने नामबाट चिनिन्छ । भ्यागुते रोग पास्चुरेल्ला मल्टोसिडा, चरचरे रोग क्लसट्रिडियम चौभाई जिवाणुको कारणबाट र खोरेत विषाणु को कारण बाट गाई,भैसीमा लागि उच्च मृत्युदर हुने गरेको पाईएको छ । पशुबस्तुमा संक्रामक महामारीको रूपमा देखा परी पशु तथा पशुजन्य उत्पादनमा कमी आई कृषकलाई ठूलो क्षती पुर्याउने गरेको सन्दर्भमा यस सियारी गाउपालिका अन्तर्गतका पशुपालक कृषकहरूका पशुमा निशुल्क रूपमा खोप कार्यक्रम कार्यान्वयनका लागी स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११, खण्ड ण(३) संग सम्वन्धित कार्यको लागी सोही ऐनको दफा १०२ को उपदफा २ अनुसार यो कार्यविधि निर्माण गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधिको नाम “भ्यागुते, चरचरे र खोरेत रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७४” रहेको छ ।

ख) यो कार्यविधि गाउकार्यपालिका बाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशित मिती देखी लागु हुनेछ ।

२. कार्यक्रम संचालनको उद्देश्य :

क) भ्यागुते,चरचरे र खोरेत रोग विरूद्ध खोप कार्यक्रम संचालन गर्ने ।

ख) भ्यागुते,चरचरे र खोरेत रोगको महामारी देखा परेको अवस्थामा तत्काल रोग निदान गरि अन्यत्र फैलिन नदिन खोप कार्यक्रम संचालन गर्ने तथा रोग नियन्त्रण कार्यमा सम्बन्धित सरोकारवालाहरूलाई समेत जिम्मेवारी सहित स्वतस्फूर्त रूपमा परिचालित गर्ने/गराउने ।

ग) रोगका कारण पशुजन्य उत्पादनमा हुने गरेको क्षतीलाई न्युनिकरण गरी पशु तथा पशुजन्य उत्पादनमा बृद्धि गरी कुल ग्राहस्थ उत्पादन बृद्धिमा टेवा पुर्याउने ।

घ) भ्यागुते,चरचरे र खोरेत रोग नियन्त्रण गर्न जनचेतना अभिबृद्धि गर्ने ।

### परिच्छेद २

### कार्यक्रम संचालन प्रकृया

३. कार्यक्रम कार्यान्वयन र संचालन

क) सियारी गाउपालिकाका सबै वार्डहरूमा कार्यक्रम संचालन हुनेछ ।

ख) खण्ड क बमोजिम खोप कार्य गर्नका लागी सियारी गाउपालिका पशुसेवा शाखाले भ्याक्सिनेटर (ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता,निजी स्तरमा कार्यरत भेटेरीनरी पाराभेट) नियुक्तिको लागी आवेदन माग गरी नियुक्ति गरी खोप कार्यमा लगाउनेछ ।

ग)	खोप लगाउने कार्यक्रम दोश्रो चौमासिकमा सम्पन्न गर्नु पर्नेछ ।

घ)	खोपको गुणस्तर कायम गर्न खोपलाई घामको किरणबाट जोगाई चिसो कोठामा संचय गरी खोप लगाउने कार्य विहान र बेलुका गर्नुपर्ने छ ।

ङ)	खोप लगाउनको लागी अटोमेटिक सिरिन्ज वा साधारण सिरिन्जको प्रयोग गरिनेछ । जुनसुकै सिरिन्ज प्रयोग गरिएता पनि प्रति जनावरको लागी छुट्टा छुट्टै निडिल प्रयोग गर्नुपर्नेछ ।

च)	भ्याक्सिनेशन गरेको विवरण खुल्ने फारममा सम्वन्धित वार्ड कार्यालयको वार्ड अध्यक्षबाट प्रमाणित गराई खोप कार्य सम्पन्न गरिएको प्रतिवेदन संलग्न हुनुपर्नेछ ।

## परिच्छेद ३

## कार्यक्रम अनुगमन र मुल्यांकन ब्यवस्था

४.	कार्यक्रम अनुगमन र मुल्यांकन:

क)	यस कार्यक्रमको अनुगमन र मूल्यांकन सियारी गाउपालिका बाट हुनेछ ।

## परिच्छेद ४

## आर्थिक कार्यविधि

क)	खोप कार्यक्रम संचालनका लागी आवश्यक पर्ने खोप तथा अन्य सामाग्रीहरू सियारी गाउपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलिको अधिनमा रही खरिद कार्य गर्नेछ ।

ख)	सियारी गाउपालिकाले निजि क्षेत्रमा कार्यरत ग्रा.प.स्वा.का. तथा पाराभेट्सहरूलाई भ्याक्सिनेटरको रूपमा खटाउनेछ । यसरी खटिने भ्याक्सिनेटरलाई सियारी गाउपालिकाले प्रति पशु खोप गरे बापत रू.१०(दश रूपैया मात्र) का दरले सेवा शुल्क प्रदान गर्नेछ ।

ग)	सवारी इन्धन प्रयोग गर्दा लगबुक अनिवार्य रूपमा भरी सवारी प्रयोग गर्ने अधिकारीको अनिवार्य दस्तखत हुनु पर्नेछ ।

## परिच्छेद ५

## विविध

५.	प्रचलित कानुन लागु हुने :
भ्यागुते,चरचरे र खोरेत रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

६.	कार्यविधि संसोधन तथा खारेजी:
सियारी गाउपालिकाले पशुसेवा शाखाको सिफारीसमा यो कार्यविधिको संशोधन तथा खारेजी गर्न सक्नेछ ।

१२. माथि जेसुकै लेखिएता पनि तोकिएकोमा सेही अनुसार र नतोकिएकोमा गाउँकार्यपालिकाको निर्णयानुसार हुनेछ।

१३. बाधा अड्चन फुकाउनेः

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परे सियारी गाउँपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

१४. परिमार्जन र संशोधनः

कार्यविधिलाई आवश्यकता अनुसार सियारी गाउँपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।